**<u>निर्णयहरु:</u>**

१. आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याई समग्र वित्तीय, भौतिक प्रगतिलाई बढावा दिई सुशासन कायम गराउने प्रयोजनार्थ चालु आ.व. को लागि सबै मन्त्रालय/निकायका सचिवहरुले मिति २०८० श्रावण १९ गते शुक्रवारका दिन दिउसो २ बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, धनगढीमा प्रमुख सचिव समक्ष कार्यसम्पादन सम्झौता गर्ने । सोको आन्तरिक तयारी सबै मन्त्रालय/निकायले गर्ने ।

२. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्यांक अनुसार सुदूरपश्चिम प्रदेशमा महामारीको रुपमा फैलिरहेको लम्पी स्किन नामक पशुरोगको कारण हालसम्म २२ प्रतिशत पशुहरु संक्रमित भई पशु मृत्युदर ४ प्रतिशत रहेको सन्दर्भमा उक्त रोगको नियन्त्रण तथा व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयले रोग नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजाने।सो कार्यका लागि अन्य आवश्यक कारवाही समेत मन्त्रालयले अगाडि बढाउने ।

३. चालु आ.व. मा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तरगत स्वीकृत भएका कार्यक्रम/कृयाकलापहरु कार्यान्वयन गर्न मन्त्रालयगत रुपमा जिम्मेवारी तोक्ने सम्बन्धी विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तयार पारी आगामी वैठकमा प्रस्तुत गर्ने ।